नेपाल सरकार

स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय

# खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग

बबरमहल, काठमाडौं

## निरीक्षण अनुगमन सम्बन्धी विवरण

यस विभागबाट बजार अनुगमन निरीक्षण गर्ने क्रममा निम्न लिखित खाद्य व्यवसायको मिति २०८३/०५/२६ मा अनुगमन निरीक्षण गरी खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ बमोजिम तालिकामा उल्लेख भए अनुसारको कारबाही गरिएको व्यहोरा अनुरोध छ।

| सि.नं. | खाद्य व्यवसायको विवरण | अनुगमन गर्दाको अवस्था/ कैफियत | निर्देशन / कारबाही |
|---|---|---|---|
| १. | देवयानी इन्टरनेशनल नेपाल प्रा. लि., ललितपुर म. न. पा.- ७ (-यापिड रेस्पोनस् मोडालिटिमा) | • चिकेन र मायोनेज ससमा अस्वभाविक गन्ध आएको भनि आएको गुनासो सम्बोधन गर्ने क्रममा अनुगमन गर्दा सरसफाई अवस्था सन्तोषजनक रहेको<br>• शाकाहारी र मांशाहारी खाद्य पदार्थ तार्न प्रयोग भएको तेलको TPM value क्रमशः १७.५ र १६.५ भइ मापदण्ड हअनुकूल पाईयो<br>• व्यक्तिगत सरसफाईको अवस्था सामान्य रहेको<br>• मसला तथा तेल हाली मलेर (Marinate) राखेको चिकेनको उपभोग्य मिति दुई (२) दिन रहेको र सोहि मिति भित्र चिकेन तयार गरी बिक्रि वितरण गर्ने गरेको<br>• भण्डारण गर्दा First In First Out (FIFO) कायम गर्ने गरेको पाइयो। | • खाद्य स्वच्छता कायम गरी तयारी खाद्य पदार्थहरु बिक्रि वितरण गर्ने<br>• पटक पटक खाने कुराहरु एउटै तेलमा नतार्ने र तेलको प्रयोग प्रयोग नियमन गर्न Standard Operating Procedure (SOP) बनाई लागू गर्न निर्देशन दिइयो। |
| २. | यूनिक स्पाइसेस एण्ड ड्राई फुड प्रोडक्स, का.म.पा.-१४ कुलेश्वर (-यापिड रेस्पोनस् मोडालिटिमा) | • ओखरमा ढुसी भेटिएको भनि आएको गुनासो सम्बोधन गर्ने क्रममा अनुगमन गर्दा मिति २०८३।०५।२० गते उद्योगले गुणस्तरमा compliant आएको ओखर (Walnut) फिर्ताको लागि (Recall) Mega Mart Pvt. Ltd. लाई पत्राचार गरेको पाइयो<br>• सरसफाईको अवस्था सामान्य रहेको<br>• खाद्य पदार्थहरु प्यालेटमा राखी भण्डारण गरेको पाईयो<br>• व्यक्तिगत सरसफाईको अवस्था सामान्य रहेको<br>• खाद्य पदार्थहरु प्याकिङ गर्दा FIFO प्रणाली लागू गरेको नपाईएको<br>• भण्डारण कक्षको अवस्था व्यवस्थित नरहेको। | • भण्डारण कक्षलाई थप व्यवस्थित गर्न<br>• विक्री वितरण भएका सम्पूर्ण ओखर (mfd date २०२६ july) बजारबाट फिर्ता (Recall) गरी सो को विवरण विभागमा यथाशिघ्र पेश गर्न<br>• थप अनुसन्धान गरी प्रयोगशाला परिक्षण गर्न ओखरको नमूना संकलन गरियो। |

| | | | |
|---|---|---|---|
| ३. | रामेश्वरम स्वीट्स एण्ड स्न्याक्स प्रा. लि., का.म.न.पा.-३२, (नियमित अनुगमन) | • सरसफाईको सामान्य रहेको<br>• कीट नयन्त्रणको व्यवस्था सन्तोषजनक नरहेको<br>• कच्चा खाद्य पदार्थहरु प्यालेटमा भण्डारण गरेको पाईयो<br>• व्यक्तिगत सरसफाईको अवस्था सामान्य रहेको पाइयो। | • कीट नयन्त्रणको व्यवस्था थप प्रभावकारी रुपले लागू गर्ने<br>• तयारी खाद्य पदार्थहरु बिक्रि वितरण गर्दा खाद्य स्वच्छता कायम गर्न निर्देशन दिइयो। |
| **अनुगमन गरिएको खाद्य व्यवसायको कुल संख्याः तिन (३) वटा** | | | |

डा. बाल कुमारी शर्मा
वरिष्ठ खाद्य अनुसन्धान अधिकृत
२०८३/०५/३०

**<u>अनुगमनका केहि झलकहरु</u>**












